सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

Kankrebihar National Daily

राष्ट्रिय दैनिक

❐ वर्ष : २५ ❐ अंक : १२७ ❐ बुधवार, ६ फागुन, २०८२ ❐ Wednesday, 18 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

हुङ्के–माझघाट–चेपाङ जामु सडक कालोपत्रे गर्न बजेट अभाव

❐ नमराज तिमिल्सेना
सुर्खेत, ५ फागुन



हुङ्के, ब्यूरेनि, माझघाट, चेपाङ जामु सडक कालोपत्रेको काम धमाधम भइरहेको छ । तर ठेकेदार पक्ष रकम अभावका कारण काम रोकिने चिन्तामा छ।

आर्थिक वर्ष २०८०/०८१ देखि काम शुरु भएको यो सडक निर्माणका लागि कुल सम्झौता रकम ६१ करोड ५९ लाख रहेको छ । तर ठेकेदार पक्षले हालसम्म काम गरेको पुरा रकम नपाएको भन्दै बाँकी काम गरेपनि रकम भुक्तानी हुने निश्चित नभएको जनाएको छ। सडक निर्माण कार्य चिन्ताको बिषय बनेको ठेकेदार पक्षको भनाइ छ।

निर्माण कम्पनी खड्का, कृष्ण, श्याम एण्ड संकर जेभिले हालसम्म काम गरेको रकम भुक्तानी अनुसार ६७ र कामको आधारमा ८५ प्रतिशत बढि निर्माण कार्य सम्पन्न भएको जनाएको छ । निर्माण कम्पनीका कन्ट्याक्टर प्रोजेक्ट म्यानेजर दिलिप सुवेदीका अनुसार आगामी बैशाखसम्म काम सक्ने तयारी छ । यस सडकको कुल लम्बाई १६ किलोमिटर रहेको उनले बताए । यो सडकको १६ किलोमिटर दुरी बराहताल गाउँपालिका ८ हुङ्के स्थित सुरु भई बराहताल ४ तरंगासम्म रहेको छ।

'अब यही हप्तामै १० किलोमिटर कालोपत्रेको काम सकिने छ। भने बाँकी काम असार महिना भित्रैसक्छौं' उनले भने, 'हाल निर्माण कम्पनीले तिब्र गतिमा काम गरिहेको छ । तर काम अनुसार फटाफट रकम भुक्तानी हुनसकेको छैन । बर्खा लाग्नुअघि काम नसकेको खण्डमा हालसम्म गरेको काम पनि भत्किएर सडक अवरुद्ध हुनसक्ने अवस्था छ।'

यसअघि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले समेत सो सडक निरिक्षण गर्दै ठेकेदार पक्षलाई धमाधम काम गर्न तर रकम भुक्तानीको चिन्ता नलिन सुझाव दिएका थिए । तर ठेकेदार पक्षले हालसम्म काम गरेको ११ करोड बढि रकम भुक्तानी पाएको छैन ।

यता पूर्वाधार विकास निर्देशनालय सुर्खेतले सडक निर्माणमा रकम अभाव हुन नदिने जनाएको छ । निर्देशनालयका सूचना अधिकारी वीरेन्द्र जंग शाहीका अनुार यो सडक समपूरक योजना अर्न्तगतको हो । यस बर्ष यो सडकका लागि बजेट नै बिनियोजन नहुदाँ समस्या आएको शाहीले बताए ।

'तर समस्या सधाधानका लागि लागि परेका छौं । प्रदेश सरकारको बजेट रकमान्तर गरेरै भएपनि यो सडक निर्माणमा लगानी गर्ने तयारी छ, यसमा छलफल भइरहेको छ' उनले भने, 'समपूरक योजनामा रकमान्तर गर्न मिल्छ कि नाई ? यसबारे अर्थ मन्त्रालयसँग सहकार्य गरिरहेका छौं । अर्थले के भन्छ ? बजेटकै कारण यो सडक निर्माणको काम रोकिन्छ जस्तो लाग्दैन ।'

निर्माण कम्पनीले हालसम्म गरेको काम अनुसारको ११ करोड रकम भुत्तानी गर्नुपर्ने कार्यालयलाई दायित्व सृर्जना भएको उनले बताए । 'तर ५ करोड निर्माण कम्पनीले अग्रीम पेश्की लिएकाले अब चानचुन ७ करोड रकम अपुग देखिन्छ' उनले भने, 'रकम अभावकै कारण निर्माण कम्पनीले काम रोक्छ जस्तो लाग्दैन तर स्रोत सुनिश्चित नभएकाले काम सम्पन्न भएपछि रकम नपाउने हो कि ? भन्ने चिन्ता लिनु स्वभाविकै हो ।'

दर्जनौं बस्तीका लागि ऐतिहासिक उपलब्धि

हुङ्के-ब्यूरेनि-माझघाट-चेपाङ जामु सडक कालोपत्रे भएपछि बराहताल गाउँपालिकाका तरंगा, तेलपानी लगायतका दर्जनौं बस्ती पहिलो पटक पक्की सडक सञ्जालमा जोडिएका छन् ।

स्थानीयका अनुसार सडक बनेपछि वर्षौंदेखि भोग्दै आएको कच्ची, धुलाम्य र जोखिमपूर्ण यात्राबाट मुक्ति मिल्नेछ । तर सडक १६ किलोमिटर नै कालोपत्रे गर्न माग छ । हाल १० किलोमिटर लामो सडक कालोपत्रेको काम अन्तिम चरणमा पुगेको छ । निर्माण कम्पनीका अनुसार अधिकांश खण्डमा बेस, सब-बेस र ड्रेनेज संरचना निर्माण भइसकेको छ, भने केही भागमा कालोपत्रे बाँकी छ । बर्खा सुरु हुनुअघि काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

वर्षातका बेला हिलो र पहिरोका कारण सडक अवरुद्ध हुँदा बिरामीलाई अस्पताल पुऱ्याउन, विद्यार्थीलाई विद्यालय जान र किसानलाई उत्पादन बजारसम्म लैजान निकै सास्ती हुने गरेको थियो । धुलाम्य सडकका कारण श्वासप्रश्वाससम्बन्धी समस्या बढ्नुका साथै सवारी साधन सञ्चालन पनि अनियमित हुने गरेको स्थानीय अमर शाहीले बताए ।

उनका अनुसार सडक कालोपत्रे भएपछि कृषि उपज ढुवानी सहज हुने, यातायात खर्च घट्ने तथा बजार पहुँच विस्तार हुने अपेक्षा गरिएको छ । तरंगा र तेलपानी क्षेत्रका किसानले उत्पादन गर्ने तरकारी, मकै, कोदो तथा फलफूल अब सहज रूपमा वीरेन्द्रनगर बजारसम्म पुऱ्याउन सकिने विश्वास लिइएको उनी बताउँछन् ।

'स्वास्थ्य सेवा, शिक्षा र प्रशासनिक सेवामा पहुँच बढ्ने अपेक्षा छ' उनले भने, 'अब आपतकालीन अवस्थामा एम्बुलेन्स सेवा सहज हुनेछ । भने ग्रामीण क्षेत्रमा लगानी तथा रोजगारीका अवसर समेत विस्तार हुने अपेक्षा लिएका छौं ।'

सडक कालोपत्रे निर्माण सम्पन्न भएसँगै बराहताल गाउँपालिकाका ग्रामीण बस्तीहरू आर्थिक तथा सामाजिक रूपान्तरणतर्फ अघि बढ्ने अपेक्षा छ । यो सडक त्यस क्षेत्रका लागि पुस्तौंदेखिको सपनाको सडक पनि हो । अब त्यो सपना साकार हुने दिन नजिकिदैछन् । यसमा सम्बन्धित निकाय गम्भिर बन्न जरुरी छ।

शिक्षा ऐन जारी नहुँदा निजी क्षेत्र संकटतर्फ

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ५ फागुन

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान)ले विद्यालय शिक्षा ऐन जारी नहुँदा निजी शिक्षालयहरुको अस्तित्व र दिगोपनामा असर पुगेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ।

मंगलबार काठमाडौंमा पत्रकार सम्मेलनआयोजना गर्दै संघले यस्तो ध्यानाकर्षण गराएको हो । पत्रकार सम्मेलनमा बोल्दै संघका महासचिव रामहरि सिलवालले नेपालमा गुणस्तरीय शिक्षा विस्तार, दक्ष जनशक्ति उत्पादन तथा राज्यको आर्थिक भार कम गर्न निजी क्षेत्रको महत्वपूर्ण भुमिका रहेको दाबी गरे ।

उनले निजी शिक्षालयहरूले देशभित्र मात्र नभई अन्तरराष्ट्रिय स्तरमा समेत प्रतिस्पर्धा गर्नसक्ने जनशक्ति उत्पादन गर्दै आएको पनि बताए। यद्यपि विद्यमान ऐनहरुले निजी क्षेत्रलाई निरुत्साहित गर्ने, लगानी असुरक्षित बनाउने र शैक्षिक वातावरण अस्थिर बनाउने खालको रहेको पनि बताए ।

उनले उच्च शिक्षामा देखिएको राजनीतिक अस्थिरता, बारम्बारको नीति परिवर्तन, शैक्षिक क्यालेण्डर अव्यवस्थित हुनु, पाठ्यक्रममा समयानुकूल सुधार नहुनु तथा उद्योग-शिक्षा समन्वय कमजोर हुनुजस्ता समस्याले विद्यार्थी विदेश पलायन बढेको भन्दै चिन्ता समेत व्यक्त गरे ।

उनले जेनजी आन्दोलनको क्रममा शिक्षालयहरूमा तोडफोड, आगजनी र आक्रमणका घटनाले शिक्षा क्षेत्र प्रत्यक्ष रूपमा प्रभावित भएको भन्दै भविष्यमा यस्ता गतिविधि हुन नदिन सरकार गम्भीर बन्नुपर्ने बताए। उनले शिक्षा क्षेत्रमा स्थायित्व, लगानीमैत्री वातावरण तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने नीति अवलम्बन गर्न सरकारसँग माग राखे ।

लागुऔषधमा संलग्नलाई पक्राउ गर्न हवाई फायर

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ५ फागुन

जिल्लामा लागुऔषध कारोवारमा संलग्नलाई पक्राउ गर्न प्रहरीले हवाई फायर गरेको छ। प्रहरीले पछिल्लो समय प्रदेश राजधानी वीरेन्द्रनगरमा लागुऔषधबारे 'विशेष अप्रेसन' नै चलाएको हो ।

सोही अन्तर्गत गएराति हवाई फायर गरी तीन जना लागुऔषध कारोबारीलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढ्थापाका अनुसार जिल्लाको चिङ्गाड गाउँपालिका-४, का ४७ वर्षीय ललित चन्दलाई हवाई फायर नै गरेर नियन्त्रणमा लिनु परेको हो । चन्दको साथबाट ३६ ग्राम ७३० मिलिग्राम लागुऔषध बरामद गरिएको प्रहरी नायव उपरीक्षक बुढ्थापाले बताए ।

उनका अनुसार राती ८ बजेतिर वीरेन्द्रनगर नगरपालिका-८ मा लागूऔषधको कारोबार भइरहेको छ भन्ने गोप्य सूचना आएको थियो । सोही अनुसार प्रहरी टोलीले चन्दलाई शङ्कास्पद अवस्थामा फेला पारेको उनले जानकारी दिए । चन्दलाई नियन्त्रण गर्न खोज्दा उल्टै हातपात तथा आक्रमण गरी ठुलो मात्राको लागुऔषधसहित भाग्न खोजेको प्रहरीले जनाएको छ।

डीएसपी बुढ्थापाका अनुसार प्रहरी टोलीले बल प्रयोग ☞ *बाँकी पृष्ठ ४*

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं ।

☛ प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ ।

☛ मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।

☛ निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।

☛ निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

१०औं राष्ट्रिय खेलकुदको मिति तोकिन्छ, खेल हुँदैन्

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ५ फागुन



१०औं राष्ट्रिय खेलकुद पटक पटक मिति तोकिँदै स्थगित हुँदै जाँदा खेलाडीहरू अन्योलमा परेका छन् । तयारी, छनोट र प्रशिक्षण सबै पूरा हुँदाहुँदै खेल नहुँदा धेरै खेलाडी रोजगारी वा वैकल्पिक बाटो रोज्न बाध्य भएका छन् ।

गण्डकी प्रदेशबाट पुरुष भलिबलमा छनोट भएका सुजन चोखाल अहिले रोजगारीका लागि जापानमा छन् । २०८१ मंसिरमा खेल हुने भन्दै गण्डकीले सात महिनाअघि गोरखाको बारपाकमा छनोट प्रतियोगिता आयोजना गरेको थियो, जसमा चोखाल महत्वपूर्ण सदस्य थिए । तर तोकिएको समयमा खेल नभएपछि उनी विदेशिएका हुन् । त्यस्तै, छनोटमा परेका अर्का खेलाडी हरि पाण्डेले भलिबलबाटै सन्यास लिइसकेका छन् ।

मिति सर्दै जाँदा गण्डकीले पर्वतमा दोस्रोपटक पनि छनोट गऱ्यो । गत वर्ष माघमा सम्पन्न प्रतियोगिताबाट छनोट भएका खेलाडीको सूची प्रदेश खेलकुद परिषद्मा पुगे पनि खेल भने अझै अनिश्चित छ ।

प्रदेशहरू अनविज्ञ

गण्डकी मात्र होइन, अधिकांश प्रदेशले खेलाडी छनोट गरिसकेका थिए । तर खेल नहुँदा ती खेलाडी अहिले कहाँ छन् भन्ने विषयमा समेत प्रदेशहरू अनविज्ञ छन् ।

सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्य सचिव लोकबहादुर खड्का भन्छन्, "एक वर्षअघि छनोट भएको हो । खेलाडीहरू कता कता गए । फेरि हुने भए पुनः छनोट गर्नुपर्छ ।

उनका अनुसार खेल संरचना अभाव र ढिलासुस्तीका कारण खेलाडीको मनोबल कमजोर भइरहेको छ। "२ वर्षमा हुने खेल ४/५ वर्षमा पनि हुँदैन, सरकारको लगानी कम छ । यस्तो अवस्थामा खेलाडी कसरी उत्साहित हुन्छन् ?" उनले प्रश्न गरे ।

मन्त्रीको मिति, फेरि स्थगन

जेन-जी कोटाबाट मन्त्री बनेका बब्लु गुप्ताले कात्तिकमा हतारहतार मिति तोकेका थिए। मन्त्रिपरिषद्ले पनि स्वीकृति दियो, समिति र उपसमिति गठन भए। तर मन्त्री स्वयं राजीनामा दिएर निर्वाचनमा होमिएपछि खेल भन्ने अन्योलमा पर्यो।

हाल युवा तथा खेलकुद मन्त्रालय प्रधानमन्त्री सुशीला कार्कीको मातहतमा छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव रामचरित्र मेहता भन्छन्, "खरिद प्रक्रियाका लागि समय पुगेन। मन्त्रीले समय थप्ने कुरा गर्नुभएको थियो, तर पछि राजीनामा दिनुभयो।"

मेहताका अनुसार पूर्वतयारी बिना मिति तोकिने प्रवृत्तिले समस्या दोहोरिएको हो। ☞ *बाँकी पृष्ठ ४*

सम्पादकीय

स्पष्ट मार्गचित्र प्रस्तुत गर्नसक्ने शक्ति रोज

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन कर्णालीका लागि केवल प्रतिनिधि छनोटको प्रक्रिया मात्र होइन, राजनीतिक दिशा तय गर्ने अवसर पनि हो । कर्णालीका १२ निर्वाचन क्षेत्रमा १३२ उम्मेदवार मैदानमा उत्रिंदा प्रदेशको हिमालीदेखि पहाडी भूगोलसम्म चुनावी माहोल तातेको छ । मुख्य प्रतिस्पर्धामा परम्परागत दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टी आफ्नो विगतको आधार जोगाउने रणनीतिमा छन् । उनीहरुले सडक, स्वास्थ्य, शिक्षा, रोजगारी र जलविद्युत् विकासका अधुरा योजना पूरा गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् । कर्णालीजस्तो भौगोलिक रुपमा विकट प्रदेशमा यी आधारभूत मुद्दा अझै पनि निर्णायक देखिन्छन ।

विशेष गरी यसपटकको चुनावी परिदृश्यमा नयाँ शक्ति पनि प्रभावशाली रुपमा देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वैकल्पिक राजनीति, सुशासन र पारदर्शिताको मुद्दा उठाउँदै युवावर्ग र शिक्षित मतदातामा आकर्षण बढाएको छ । सीमित स्रोतसाधनका बाबजुद प्रत्यक्ष संवादमा जोड दिनु र पुराना दलप्रति बढ्दो असन्तुष्टिलाई राजनीतिक अवसरमा रुपान्तरण गर्ने रणनीतिले नयाँ दललाई चर्चामा ल्याएको छ । तर २०७९ को समानुपातिक मतपरिणाम हेर्दा कर्णालीमा परम्परागत दलहरु कांग्रेस, एमाले र नकपा नै बलिया देखिन्छन् । यो निर्वाचनमा कर्णालीका १० वटै जिल्लामा कडा प्रतिस्पर्धा हुने देखिन्छ, भने रूकुम पश्चिममा माओवादी केन्द्रको बलियो उपस्थिति कायम नै छ । एमाले धेरै जिल्लामा दोस्रो वा तेस्रो शक्तिका रुपमा देखिन्छ । तर रास्वपा र राष्ट्रिय प्रजातन्त्र पार्टी जस्ता दलले पनि उल्लेख्य मत प्राप्त गर्दै परम्परागत समीकरणलाई चुनौती दिने संकेत दिएका छन् ।

कर्णालीका मतदाताको प्राथमिकता सडक सञ्जाल विस्तार, गुणस्तरीय स्वास्थ्य सेवा, पहुँचयुक्त शिक्षा, खानेपानी र रोजगारी सृर्जना गर्नुपर्नेमा स्पष्ट छ । चुनावी भाषणभन्दा ठोस कार्ययोजना र कार्यान्वयन क्षमता अहिलेको मुख्य आवाश्यकता हो । विगतमा पटक-पटक अवसर पाएका दलहरुले परिणाम देखाउन नसकेको गुनासो पनि व्यापक छ, जसले नयाँ विकल्पप्रति आकर्षण बढाएको छ । यसपटकको निर्वाचन त्रिपक्षीय वा बहुपक्षीय प्रतिस्पर्धामा परिणत हुँदै गएको छ । केहि जिल्लामा गठबन्धन, विद्रोही उम्मेदवारी र मत विभाजनले परिणाम झन् रोचक बन्ने देखिन्छ । फागुन २१ को मतपरिणामले कर्णालीको राजनीतिक भविष्य मात्र होइन, पुरानो विरासत र नयाँ आशाबीचको सन्तुलन पनि तय गर्नेछ । अन्तत : मतदाताले विकास र सुशासनको स्पष्ट मार्गचित्र प्रस्तुत गर्न सक्ने शक्ति रोज्नेछन् । र जेनजी आन्दोलन र अबको बाटो हेर्दा पनि विकास र सुशासनको स्पष्ट मार्गचित्र प्रस्तुत गर्न सक्ने शक्तिलाई मतदाताले सहयोग गर्नुपर्छ ।



मेरो भोट उसैलाई

✍ सुबिन भट्टराई

मेरो भोट उसैलाई, जोसँग थोरै अनुभव, धेरै योग्यता र असल नियत होस् । जो आश्वासनका गुल्छर्रा मात्र उडाएर सोझा निमुखा जनतालाई भ्रमित तुल्याउन होइन, हत्केलामा ठेला उठ्ज्जेल कार्यान्वयनका ठेला पनि गुडाउने होस् । राजनीति र समाज सेवाको नामको टाइसुटमा रंगीचंगी सपना बाँडेर भविष्य लुट्ने लुटेराहरू त यहाँ धेरै आए, कोही आओस् बरु बेरंगी भएर, दियोस् एउटा सादा तर बाधारहित जिन्दगीको वाचा ।

मेरो भोट उसैलाई, जो मभन्दा निकै बौद्धिक होस् । कुनै दाग धब्बा नलागेको स्वच्छ छविको, जसले भ्वाङैभ्वाङ परेका मान्छेका मगजभित्रका विवेकका लार्खौं प्वालहरू टालिदिन सकोस् । जसले मरुभूमि मस्तिस्कमा पनि विचारको बिउ रोपिदिन र फुलाउन सकोस् । आगो झोसोस् सर्वत्र, तर चेतनाको । बाढी हुलिदेओस् वारपार, तर ज्ञानको । आँधी ल्याओस् तर जोस र जाँगरको ।

संसारको इतिहास जानेको होस्, भूगोल थाहा पाएको होस्, (भू) राजनीति, कूटनीति, समाज, मानिस र मनोविज्ञान, अर्थ र कानुन उसका लागि अजंगको पहाड नहोस्, तरिनसक्नुको भेल नहोस्, पार पाउनै नसकिने सीमा नहोस् ।

जसले दूरदराजका आँखामा छल्किएको आँसु देख्न आफ्नो आँखामा दूरबीन लाइरहनु नपरोस्, जसलाई पोहोर मात्र उद्घाटन भएको बाटो भत्किँदा छाती भतभती पोलोस्, जसलाई अस्पतालमा अपुग भएका अक्सिजन सिलिन्डरको समाचार सुनेर ऐठन होस्, जसलाई बेरोजगारीकै कारण पासपोर्ट अफिसमा लागेको लाइन देखेर देशको संकट के हो भन्ने पहिचान होस्, जसलाई सडक दुर्घटना परी मरेका जनताको चीत्कारले लखेटोस्, जसलाई मिटरब्याजले डामेका किसानका क्रन्दनहरूले ठुडोस्, जसलाई दुई छाक खानलाई रोज दर्जनौं धक्कामुक्की खाइरहेको भुई मान्छेको सुस्केराको हेक्का रहोस् ।

जसले उद्योग र रोजगारीका लागि पहल गरिरहँदा देशको हावा पानीको मूल्यमाथि सम्झौता नगरोस् । सम्भावनाका हातपयर फैलाइरहँदा वनस्पति र वन्यजन्तुको घर खुम्चिन्छ कि भन्नेमा सजग रहोस् । नियन्त्रणभन्दा बाहिर गइरहेको प्लास्टिक र माइक्रोप्लास्टिकको बिगबिगलाई ठीक ठाउँमा ल्याउने प्रतिबद्धता देखाओस् । जसले मुठ्ठीभरका व्यापारी र ठेकदारका गनगन होइन, मैदानभरि हाहाकार गरिरहेका जनताका आर्तनाद सुनोस् ।

मेरो भोट उसैलाई । जो परेको बेला जनताको हुलबाट निस्केर छातीमा गोली थाप्न नडराओस्, जसले चाहिएको बेला, जायज माग लिएर सडकमा घोक्रो सुकाउनलाई खुट्टा नकमाओस् । जोसँग भावना होस्, विचार र तर्क होस्, विनय होस्, विद्रोह होस् तर त्यसको ऊ तर्कसंगत बोलोस्, मीठो बोलोस्, मन छुने गरी बोलोस्, मेरो भोट उसैलाई ।

मैले भोट गरेको नेताले सकेसम्म त जितोस् नै, भोट खेर गएको कसलाई मन पर्ला र ? सके ऊ सत्तामै पुगोस् । लामो समय टिकोस् । तर, सत्तामा पुगेर ऊ मैमत्ता नहोस् । शक्तिको दम्भले रित्त पनि नमात्तियोस् । भुई छोडेर सत्ताको उचाइमा उक्ले पनि उसले भुई एउटा भाषा र भाँती होस् । शिष्टता र सहनशीलता उसको प्रमुख हतियार होस् । म यो देशमा त्यस्तो नेता खोजिरहेको छु ।

भिडलाई उत्तेजित त धेरैले बनाउन सक्छन् । घृणा त हिजोअस्ति हिटलर, मुसोलिनी, जिम जोन्स, मिलोसोविचले पनि फैलाए, तर मैले मान्ने नेता गाली र गोलीका भाषामा वमन होइन, स्नेह र एकताको आलिङ्गनमा सबैलाई बाँध्न सकोस् ।

जो भुइँचालोले थिचेका बेलामा भग्न संरचनाबाट इँट र पत्थर पन्छाउँदै, धुलो टकटक्याउँदै, घायल अवस्थामा पनि उभिएर जनताको बीचमा सुख र दुःख बाँड्न निस्कियोस्, नकि हाहाकार र भयको चाबुक देखेर आफ्नो ज्यानको मात्र पर्वाह गरेर सुइँकुच्चा ठोकोस् ।

जो युद्धको बेला ढाल बनेर जनताका अघि उभियोस्, जो बिपदका बेला मसीहा बनेर जनताकै माझमा रहिरहोस् ।

ऊ प्रश्नहरूदेखि नभागोस्, जवाफदेहितादेखि नतर्सियोस्, पारदर्शिता उसको पहिचान होस्, इमानदारी उसको चरित्र होस्, दूरदर्शी उसको क्षमता होस् । हिजोअस्ती कुर्सीमा बस्दाको उसको विगत विवादित रहेको नहोस्, जसले गर्दा उसको आगतमा कुनै शंका रहोस् ।

जो प्रश्नहरूदेखि नबिर्सोस् ।

मेरो भोट उसैलाई, जो मभन्दा निकै बौद्धिक होस् । जसले मरुभूमि मस्तिस्कमा पनि विचारको बिउ रोपिदिन र फुलाउन सकोस् । आगो झोसोस् सर्वत्र, तर चेतनाको । बाढी हुलिदेओस् वारपार, तर ज्ञानको । आँधी ल्याओस्, तर जोस र जाँगरको ।

आफ्नावरिपरि उभिएर प्रश्न गरिरहेकाप्रतीपक्षीलाईदुस्मनहोइन,हितैषी देखोस् । अनेकौं विचार र स्वार्थले फाटिएका जनतालाई आफ्ना नीति र नियतको प्रभावले जोडिदिन सकोस् । के गर्छु भनेर घोषणापत्रका गुलिया ललीपप त सबैले देखाउँछन्, कसरी गर्छु भन्ने तर्कसंगत, स्पष्ट र पत्यारिलो नक्सा सबैलाई बुझाओस्, जसलाई देखेर विपक्षी पार्टीका नेताहरूले पनि आलोचना गर्न नसकून् । जसको प्रशंसा सिमानाभित्र सीमित होइन, सिमानाबाहिर भएकाले अपरिमित गरून्, मेरो भोट उसैलाई ।

तर चुनाव हो यार, जित र हारको के भर ?

जरुरी यो छैन कि मैले आदर्श मानेको नेताले सधैं जित्नैपर्छ । जरुरी छैन कि उसले सत्ताको उकालो चढ्नैपर्छ । राम्रो नेताको विशेषता यही हो- ऊ प्रतीपक्षीको समथरमा उभिएर पनि सबैको मनको उकालो चढिदिन सक्छ । सत्ताबाहिर रहेर तिनमै अमरत्व देख्छु ।

मेरो भोट उसैलाई, जसलाई सत्ताबाहिर देख्दा मलाई ऊ हारेको होइन, झन् बलियो भएको भान परोस् । सत्ताको सीमाबाहिर उसलाई देख्न पाउँदा पनि मेरो छाती गर्वले फुलोस् । किनकि मैले पनि यो बुझ्नुपर्छ, राजनीति पर्वतारोहण र राजनीतिज्ञ पर्वतारोहीजस्तै हो । एउटै व्यक्ति कहिले चुचुरोमा पुग्छ, कहिले फेदमा झरेको हुन्छ ।

मेरो एक भोट, जाबो एकै भोट । तर, म एक भोट भएर पनि एक भोट मात्र होइन ।

भूपि शेरचनले भनेकै छन् -

'बस्, म केवल एक क्रान्ति
एक प्रजातन्त्र
एक चुनाव
र एक भोट हुँ ।'

तर, मलाई केवल एक भोटमा सीमित नगरियोस् ।

किनकि म कसैको पनि जितको एकाइ हुँ । म कसैको उपलब्धिको सिङ्गै आकाशमा एउटा चन्द्रमा, नभए एउटा तारा पक्कै हुँ । यो सत्ता र शक्ति मेरै विस्तारित स्वरुप हो, जो मभन्दा कत्ति पनि अलग छैन । म ऊभन्दा कत्ति पनि अलग छैन । कोही सत्तासीन आफूलाई महान् ठान्छ, त्यो मेरै भोटले हो । त्यो फगत मबाट छुटेर, मैले नै बनाएको मलाई खालि एक भोट मात्र मान्दैन । सत्ता यात्राको एउटा खुड्किलो मात्र ठान्दैन ।

मेरो भोट उसैलाई, जो कसैलाई पनि भोट मात्र ठान्दैन । जो सधैं सत्तालाई मियो बनाएर राजनीतिको दाईं गरी राख्दैन । जो पूर्व र पश्चिममा कुनै भेद राख्दैन । मधेश र पहाडलाई अलग देख्दैन । हिमाललाई आँखाभन्दा पर राख्दैन । जो वृद्धवृद्धाका थरथराहटमा करुणा राख्छ, बालकका कोमलताले अभिभूत हुन्छ । जो आशक्त, रुग्णमाथि निस्तो सहानुभूति मात्र राख्दैन, सक्नेजति तत्कालै गरिदिन्छ । जो महिला र पुरुषलाई सँगसँगै हिँड्ने सहयात्री ठान्छ र समभाव राख्छ । जो हरेक जात, धर्म, लिङ्ग, विचार, समूह, समुदायका हर एक व्यक्तिलाई अर्कोभन्दा एक इञ्च पनि फरक राख्दैन । जो आफ्नो पार्टी सोह्रै आना ठीक, अरुको बेठीकै बेठीक भन्दैन । जो बेलाबेलामा गल्ती पनि गर्छ तर माफी मागेर सानो भइन्छ भन्ने सोच्दैन । जसलाई आफू पुरानो भइसकेको बोध हुन्छ र जिम्मेवारीको भार बिसाएर नयाँलाई बाटो दिने साहस हुन्छ, मेरो भोट उसैलाई ।

मेरो भोट उसैलाई जसलाई परपरैबाट हेर्दा लागोस्- ऊ कसैको होइन, तर सबैको हो ।

(शिलापत्रबाट)



उसलाई टुप्पोबाट फेदमा झार्न सक्ने पनि त्यही एक भोट हो । म पनि एक भोट हुँ । मेरो अस्तित्वलाई कमजोर ठान्ने, मेरो उचाइलाई होच्याउने छुट कसैलाई पनि छैन । मेरो भोट उसैलाई, जसले मलाई खालि एक भोट मात्र मान्दैन ।
- सुबिन भट्टराई

राशिफल

२०८२ साल फागुन ६ गते बुधवार, नेपाल सम्वत् ११४६

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। नयाँ जिम्मेवारी पाइएला। लामो समयदेखि रोकिएको काम बन्नुका साथै आम्दानीको स्रोत समेत बढ्नेछ। पारिवारिक आवश्यकता पूर्ति होला।

वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)

नयाँ काम फेला पर्नेछ। कृषि, पशुपालनमा आदिमा फाइदा हुने समय छ। उठ्नुपर्ने रकम हातलागी हुनेछ। साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)

अर्थअभाव खट्किए पनि आवश्यक पर्दा कर्जामार्फत धन जुट्नेछ। दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ। टाढाका साथीभाइले काममा साथ दिनेछन्।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

उठ्नुपर्ने रकम हातलागी हुनेछ। साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ। नयाँ काम फेला पर्नेछ। कृषि, पशुपालनमा आदिमा फाइदा हुने समय छ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

नयाँ जिम्मेवारी पाइएला। लामो समयदेखि रोकिएको काम बन्नुका साथै आम्दानीको स्रोत समेत बढ्नेछ। पारिवारिक आवश्यकता पूर्ति होला। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)

दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ। टाढाका साथीभाइले काममा साथ दिनेछन्। अर्थअभाव खट्किए पनि आवश्यक पर्दा कर्जामार्फत धन जुट्नेछ।

तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)

विगतका निर्णयले काम बिग्रन सक्छ। बेसुरमा वचन दिने बानीले दुःख पाइनेछ। घर-गृहस्थीमा समस्या आउन सक्छ। परिवारजनसँग असमझदारी बढ्नुका साथै काममा बाधा पुग्न सक्छ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)

महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला। पशुधन र जमिनबाट पनि सामान्य लाभ होला। तर, अरूको भर पर्दा धोका हुन सक्छ, सचेत रहनुहोला।

धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)

बेसुरमा वचन दिने बानीले दुःख पाइनेछ। घर-गृहस्थीमा समस्या आउन सक्छ। परिवारजनसँग असमझदारी बढ्नुका साथै काममा बाधा पुग्न सक्छ। विगतका निर्णयले काम बिग्रन सक्छ।

मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)

पशुधन र जमिनबाट पनि सामान्य लाभ होला। तर, अरूको भर पर्दा धोका हुन सक्छ, सचेत रहनुहोला। महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा, ञ)

आफन्तको साथले उत्साह जगाउनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। समय फुर्सदिलो रहनेछ। स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। परिवारजनसँग आत्मीयता बढ्नेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)

परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिनेछ। प्रतिष्ठा, मान-सम्मान पाइनेछ। साथ दिनेहरू बढ्नेछन्। प्रेम र मित्रताको बन्धन कसिनेछ। हडबड गर्ने स्वभावले काम बिग्रन सक्छ।

महत्वपूर्ण टेलिफोन

- नेपाल प्रहरी १००
- दमकल १०१
- एम्बुलेन्स १०२
- ट्राफिक १०३
- बाल हेल्पलाइन १०४
- अ. दु. अ. आ. १०७
- हराएका बालबालिका १०९८
- महिला हेल्पलाइन ११४५

पुराना दलको हिसाब रास्वपाले बिगार्दै



काँक्रेबिहार संवाददाता
सुर्खेत, ५ फागुन

आसन्न २१ फागुनको प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन अब २१ दिन मात्र बाँकी छ । राजनीतिक दलहरूले पनि निर्वाचन तयारीलाई व्यापक बनाएका छन् । निर्वाचनको मिति नजिकिँदै गर्दा दलहरूले मतदाता फकाउन विभिन्न रणनीति अंगीकार गरेका छन् ।

आगामी निर्वाचनपश्चात् कुन दलको हैसियत कस्तो होला भन्ने विषय अहिले सर्वत्र चासो बनेको छ । विशेष गरी यसपटकको निर्वाचन परम्परागत दल र नयाँ दलबीच प्रतिस्पर्धा हुने आकलन राजनीतिक वृत्तमा छ । २०७९ सालको प्रतिनिधिसभा निर्वाचनबाट बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को देशव्यापी चुनावी मतपरिणामका बारेमा अड्कलबाजी हुन थालेका छन् ।

यो अड्कलबाजीबाट कर्णाली प्रदेश पनि अछुतो छैन । कर्णालीका १० जिल्लामा प्रत्यक्षतर्फ १२ निर्वाचन क्षेत्र छन् । गएको निर्वाचनमा संघीय संसदको चौथो दल बनेको रास्वपाले कर्णालीमा समानुपातिकतर्फ एक सिट जितेको थियो ।

प्रत्यक्षतर्फ ६ सिटमा उम्मेदवार उठाएको रास्वपाले २०७९ सालमा सुर्खेत र सल्यानका तीन निर्वाचन क्षेत्रबाहेक अन्यमा १ हजार मत कटाउन नसकेको देखिन्छ । गएको निर्वाचनमा पत्रकारिताबाट राजनीतिमा हामफालेका रवि लामिछानेको क्रेजका बीच पनि कर्णालीमा रास्वपाको उपस्थिति कमजोर रहेको निर्वाचन मतपरिणामले देखाउँछ ।

मतपरिणामअनुसार गएको प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले कर्णालीबाट प्रत्यक्षतर्फ १० हजार ५ सय ८८ मत प्राप्त गर्दा समानुपातिकतर्फ २२ हजार २ सय ७१ मत प्राप्त गरेको देखिन्छ । जिल्लागत तथ्यांकअनुसार रास्वपाले सबैभन्दा धेरै मत सुर्खेतबाट पाएको देखिन्छ ।

सुर्खेतका दुई निर्वाचन क्षेत्रबाट गएको निर्वाचनमा रास्वपाले ८ हजार ९ सय ६० मत समानुपातिकतर्फ पाएको छ, जसमा सुर्खेत-१ मा प्रत्यक्षतर्फका उम्मेदवार बनेका मोहम्मद अलीले ८ सय ९७ मत प्राप्त गर्दा समानुपातिकतर्फ २ हजार ८ सय १४ मत रास्वपाले पाएको छ ।

त्यस्तै, सुर्खेत-२ मा प्रत्यक्षतर्फका उम्मेदवार बनेका टेकबहादुर चुनारालेे चार हजार ६ सय एक मत प्राप्त गरेका थिए । यस क्षेत्रबाट प्रत्यक्षभन्दा २ हजार बढी समानुपातिकतर्फ घण्टी चिह्नले भोट पाएको देखिन्छ । सुर्खेत-२ मा गएको निर्वाचनबाट रास्वपाले ६ हजार १ सय ४६ मत पाएको छ ।

सल्यानमा प्रत्यक्षतर्फ पवनराज देवकोटाले ३ हजार ६ सय ९५ र समानुपातिकतर्फ ४ हजार ५ सय २२ मत रास्वपाको पक्षमा गएको देखिन्छ । यस्तै, दैलेखमा रास्वपाको समानुपातिक मत १ हजार ७ सय ९२ छ । दुई निर्वाचित क्षेत्र रहेको दैलेख-१ बाट प्रत्यक्षतर्फको उम्मेदवार बनेका ईन्द्रप्रसाद शर्माले ३ सय ८७ मत पाउँदा आठ सय ८७ मत समानुपातिकतर्फ छ ।

दैलेख-२ मा पनि रास्वपाको उपस्थिति कमजोर छ । प्रत्यक्षतर्फका उम्मेदवार बखतबहादुर भण्डारीले सात सय १३ मत पाउँदा यस क्षेत्रबाट रास्वपालाई ९ सय ५ मत प्राप्त भएको देखिन्छ । जाजरकोटमा राजबहादुर शाहीले प्रत्यक्षतर्फ २ सय ९५ मत प्राप्त गरेका थिए । गएको निर्वाचनमा रास्वपालाई जाजरकोटबाट पाँच सय ९४ समानुपातिक मत आएको छ ।

गत निर्वाचनमा रास्वपाले रुकुम पश्चिम, कालीकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पामा उम्मेदवार उठाएको थिएन । तर, यी जिल्लाबाट रास्वपालाई भने समानुपातिक मत आएको छ । जसअनुसार रुकुम पश्चिमबाट एक हजार ८ सय ६१, कालीकोटबाट नौ सय पाँच, जुम्लाबाट आठ सय ९९, मुगुबाट दुई सय १०, हुम्लाबाट एक सय ७१ र डोल्पाबाट पाँच सय ५७ मत घण्टी चुनाव चिह्नमा आएको छ ।

आसन्न निर्वाचनका लागि रास्वपाले १२ वटै निर्वाचन क्षेत्रमा आफ्ना उम्मेदवार उठाएको छ, जसमा सल्यानबाट ललित कुमार चन्द, डोल्पाबाट देवसिंह ऐडी, मुगुबाट भुवन टमटा, जुम्लाबाट निवर्तमान समानुपातिक सांसद विनिता कठायत उम्मेदवार छन् ।

त्यस्तै, कालीकोटबाट प्रकाश न्यौपाने, हुम्लाबाट टासी ल्हान्जोम, जाजरकोटबाट राघव कार्की, दैलेख-१ बाट नन्दकिशोर बस्नेत, दैलेख-२ बाट बखतबहादुर शाही, सुर्खेत-१ बाट टेकबहादुर सिंह, सुर्खेत-२ बाट रमेशकुमार सापकोटा र रुकुम पश्चिमबाट मानबहादुर शाहीलाई रास्वपाले उम्मेदवार बनाएको छ ।

पहाडी जिल्लामा कमजोर उपस्थिति

विगतको मतपरिणाम र आसन्न निर्वाचनको चुनावी गतिविधिलाई मसिनो गरी केलाउने हो भने रास्वपाको उपस्थिति कर्णालीका पहाडी जिल्लामा कमजोर छ । कर्णालीका पहाडी जिल्लामा रास्वपाको कमजोर उपस्थिति देखिनुको कारण के हो ? भन्ने प्रश्नमा मध्यपश्चिम विश्वविद्यालयका पूर्वडीन एवं राजनीतिक विश्लेषक पीताम्बर ढकाल भन्छन्, 'रास्वपाको उदय शहरी क्षेत्रबाट भएको हो, जहाँ प्रविधिले पनि उसको उपस्थिति बढेको हो कि भन्ने लाग्छ । खासगरी सामाजिक सञ्जालमा अभ्यस्त पछिल्ला समयका युवापुस्तामा रास्वपाप्रति झुकाव बढेको देखिन्छ । ग्रामीण भेगमा केही पुराना मतदाताहरू शहर वा विदेश रहेका सन्ततिका कारण भोट फेर्ने मनसायमा छन्जस्तो देखिन्छन् ।' यस्तो मतपरिणामले व्यापक फेरबदल भने नहुने उनको तर्क छ ।

रास्वपाले आगामी निर्वाचनमा सुर्खेत-२ बाट जित निकाल्ने रणनीतिका साथ अघि बढिरहेको छ । गएको निर्वाचनमा प्रत्यक्ष र *बाँकी पृष्ठ ४*

सुर्खेतका निर्वाचन क्षेत्रमा खटिए निर्वाचन प्रहरी, कस्तो छ सुरक्षा योजना ?

काँक्रेबिहार संवाददाता
सुर्खेत, ५ फागुन

यही २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षार्थ भर्ना गरिएका निर्वाचन प्रहरीलाई चुनावमा खटाइएको छ । अब चुनाव आउन १६ दिन बाँकी छ । जेन-जी आन्दोलनपछि हुन लागेको निर्वाचनलाई सुरक्षित र मर्यादित बनाउन सरकारले निर्वाचन प्रहरी भर्ना गरेको थियो ।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ दुई निर्वाचन क्षेत्र रहेको सुर्खेतमा सोमबार १ हजार ६२८ निर्वाचन प्रहरी मतदान केन्द्र र मतदानस्थलको सुरक्षार्थ खटिएका छन् । जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक (डीएसपी) मोहनजंग बुढथापाका अनुसार नेपाली प्रहरी र सशस्त्र प्रहरी गरी सुर्खेतमा १ हजार ८४० निर्वाचन प्रहरी भर्ना भएका थिए । उनीहरूलाई दुई निर्वाचन क्षेत्रअन्तर्गत रहेका विभिन्न ३५ बढी प्रहरी युनिट मातहत रहने गरी खटाइएको उनले बताए । उनीहरूले प्रहरीको मातहतमा रहेर निर्वाचन पूर्वका आवश्यक तयारीमा सघाउने छन् भने मतदानका दिन पहिलो सुरक्षा घेरामा खटिने छन् ।

निर्वाचन प्रहरीको मूल लक्ष्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउनु हो । उनका अनुसार दुवै निर्वाचन क्षेत्रमा ९०० बढी प्रहरी जनशक्ति खटाइनेछ भने आवश्यकताअनुसार सशस्त्र प्रहरी र नेपाली सेना निर्वाचन सुरक्षार्थ तैनाथ हुनेछ ।

निर्वाचन सुरक्षार्थ सशस्त्र प्रहरी र नेपाली सेना यसअघि नै सम्बन्धित निर्वाचन क्षेत्रमा तैनाथ भइसकेको प्रहरी प्रवक्ता बुढथापाले जानकारी दिए । निर्वाचन सुरक्षार्थ खटिएका सुरक्षाकर्मी, निर्वाचन अधिकृत, कर्मचारीहरू आवश्यक सामग्रीसहित १८ फागुनमा सम्बन्धित मतदानकेन्द्रमा पुग्ने उनको भनाइ छ । उनका अनुसार सुर्खेतमा हालसम्म निर्वाचनलाई असर गर्ने कुनै खालका तत्त्व वा समूह हालसम्म देखा नपरेकाले सुरक्षा चुनौती छैन ।

'जिल्ला सुरक्षा समितिले सुर्खेतका दुवै निर्वाचन क्षेत्रका मतदान केन्द्रहरूको स्थलगत अनुगमन गरिरहेको छ,' उनले भने, 'चुनावका समयमा कुनै अवाञ्छित गतिविधि भए तत्काल एक्सन लिने गरी सुरक्षा योजना बनाइएको छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउन प्रहरीले कुनै कसरत बाँकी राख्दैन ।' उनले निर्वाचन अवधिभर कर्णालीका १० वटै जिल्लाका कारागार कार्यालय सुरक्षाको जिम्मा नेपाली सेनालाई दिइएको बताए ।



> *'चुनावका समयमा कुनै अवाञ्छित गतिविधि भए तत्काल एक्सन लिने गरी सुरक्षा योजना बनाइएको छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउन प्रहरीले कुनै कसरत बाँकी राख्दैन ।'*

१४० मतदानकेन्द्र, दुई लाख मतदाता

सुर्खेतका दुई निर्वाचन क्षेत्रमा कुल १४० मतदानस्थलमा ३०२ मतदानकेन्द्र छन् । जसमा क्षेत्र नम्बर १ मा ७२ मतदानस्थल र १४८ मतदानकेन्द्र छन् । यस्तै, सुर्खेत- २ मा ६८ मतदानकेन्द्र र १५४ मतदानस्थल रहेको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी नन्दलाल चौलागाईंले बताए ।

निर्वाचन क्षेत्र नम्बर १ मा गुर्भाकोट, भेरीगंगा र लेकबेंसी नगरपालिका, सिम्ता र चिङ्गाड गाउँपालिका, वीरेन्द्रनगर नगरपालिकाका १५ र १६ वडा पर्छन् । यस्तै, सुर्खेत- २ मा वीरेन्द्रनगर नगरपालिकाका १ देखि १४ वडा, बराहताल गाउँपालिका, पञ्चपुरी नगरपालिका र चौकुने गाउँपालिका पर्छन् । सुर्खेतमा यही २० फागुनसम्म १८ वर्ष पूरा हुनेसम्म गरी २ लाख ४८ हजार ९४३ मतदाता कायम छन् । निर्वाचन क्षेत्रअनुसार सुर्खेत- १ मा ६० हजार ३९६ र सुर्खेत- २ मा ६१ हजार ४९३ मतदाता छन् । जसमा पुरुष १ लाख २१ हजार ८८९ र महिला १ लाख २७ हजार ५४ छन् ।

जसअन्तर्गत गुर्भाकोट नगरपालिकामा ३५ हजार ६९०, चिङ्गाड गाउँपालिकामा १० हजार ८२५, चौकुने गाउँपालिकामा १५ हजार ९५८, पञ्चपुरी नगरपालिकामा २३ हजार २०५ मतदाता छन् । यस्तै, बराहताल गाउँपालिकामा १७ हजार ८४०, वीरेन्द्रनगर नगरपालिकामा ७१ हजार ८४०, भेरीगंगा नगरपालिकामा ३२ हजार ७९४, लेकबेंसी नगरपालिकामा २२ हजार १४० र सिम्ता गाउँपालिकामा १८ हजार ६७५ मतदाता रहेको प्रदेश निर्वाचन आयोगको कार्यालयले जनाएको छ ।

आगामी निर्वाचनमा दुई पदका लागि सुर्खेत- १ बाट १३ र सुर्खेत- २ बाट १७ गरी ३० जना चुनावी मैदानमा छन् । नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लगायतका दल तथा स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा होमिएका छन् ।

दलहरूलाई ६४ बुँदे निर्देशन

चुनावलाई लिएर निर्वाचन आयोगले राजनीतिक दलहरूलाई ६४ बुँदे निर्देशन जारी गरेको छ । आयोगले राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचारप्रसार गर्दा ४-१८ फागुनसम्म मात्र जुलुस, आमसभा, कोणसभा तथा सञ्चारमाध्यमहरूमा चुनावकेन्द्रित प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण तथा निर्वाचनको लागि घरदैलो कार्यक्रम गर्न निर्देशन दिएको हो ।

आयोगले दिएको निर्देशनमा निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचनसम्बन्धी प्रचलित संघीय कानुनबमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट वञ्चित नगर्न पनि आग्रह गरेको छ ।

निर्वाचनमा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउने, कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने, कुनै किसिमको क्षति पुऱ्याउने, धाकधम्की वा डरत्रास देखाउने, सामाजिक प्रतिष्ठामा आघात पुऱ्याउने, सामाजिक बहिष्कार गर्ने वा सामाजिक बहिष्कार गर्न धम्की दिने, कुनै किसिमले लोभ लालच देखाउने वा आर्थिक प्रलोभन देखाउने, धर्म भकाउने वा प्रतिज्ञा गराउनेजस्ता काम नगर्न आयोगले पार्टीहरूलाई निर्देशन दिएको छ ।

यसै अवसरमा आयोगले 'विभिन्न क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रमजस्ता संस्थालाई नगद वा जिन्सी वितरण नगर्न, अनुदान वा आर्थिक सहायता, चन्दा, पुरस्कार नदिन वा दिने घोषणा नगर्न पनि राजनीतिक पार्टीहरूलाई भनेको छ ।

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने । १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं ।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं ।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं ।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ ।

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने । १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
९. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१०. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
११. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१२. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१३. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१४. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं ।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं ।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं ।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ ।

भूकम्पबाट भत्किएका सरकारी संरचना बनाउन अख्तियारी

काँक्रेबिहार संवाददाता
सुर्खेत, ५ फागुन

कर्णाली प्रदेश सरकारले जाजरकोट र रुकुम पश्चिमका स्वास्थ्य संस्था, विद्यालय निर्माण गर्ने भएको छ।

विसं २०८० कात्तिक १७ मा जाजरकोटको रामीडाडाँ केन्द्रविन्दु भएर गएको भूकम्पबाट भत्किएका विद्यालय, स्वास्थ्य संरचना निर्माण गर्नका लागिएको छ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले पाँच वटा स्वास्थ्यचौकीको छनोट गरेर निर्माणका लागि अख्तियारीसमेत पठाइएको जनाएको छ।

मन्त्रालयका प्रवक्ता रमेश सुवेदीका अनुसार १४ वटा विद्यालय छनोट गरेर निर्माणका लागि पूर्वाधार विकास कार्यालयलाई अख्तियारी पठाएको छ । त्रिवेणी गाउँपालिकामा, चौरजहारी नगरपालिकामा र आठबीसकोट नगरपालिकामा एक-एक तथा बाँफीकोट



गाउँपालिकामा दुई स्वास्थ्य संस्था निर्माण हुने भएका छन्।

यसैगरी मुसिकोट नगरपालिका र चौरजहारीमा दुई-दुई विद्यालय, सानी भेरीमा र त्रिवेणी गाउँपालिकामा तीन तथा आठबीसकोटमा पाँच विद्यालय निर्माण गर्न अख्तियारी प्रदान गरिएको प्रवक्ता सुवेदीले जानकारी दिए । यस्तै, जाजरकोटमा २१ विद्यालय र पाँच वटा स्वास्थ्य संस्था, बारेकोटमा चार विद्यालय र दुई स्वास्थ्य संस्था निर्माण हुनेछन् । यसैगरी नलगाडमा तीन र भेरीमा दुई विद्यालय एवं एक स्वास्थ्य संस्था निर्माण हुनेछ । छेडागाड नगरपालिकामा तीन विद्यालय, एक स्वास्थ्य संस्था, कुशे गाउँपालिकामा दुई विद्यालय, एक स्वास्थ्य संस्था निर्माण गरिने जनाइएको छ।

शिवालय गाउँपालिकामा दुई विद्यालय र जुनिचाँदेमा पाँच विद्यालय निर्माण गरिने प्रवक्ता सुवेदीले बताए।

पुराना ठेक्का नटुंगिँदा सुदूरपश्चिम सरकार आर्थिक दबाबमा

काँक्रेबिहार संवाददाता
धनगढी, ५ फागुन

सुदूरपश्चिम प्रदेशमा सडक र पुलका १४५ वटा आयोजना बहुवर्षीय ठेक्कामा अल्झिएका छन्। २० अर्ब ८ करोडभन्दा बढी लागत अनुमान गरिएका यी आयोजना १४ अर्ब ३६ करोड रुपैयाँमा ठेक्का लगाइए पनि ठूलो संख्यामा समयमै सम्पन्न भएका छैनन्।

प्रदेश सरकारका अनुसार ३९ वटा ठेक्का जीर्ण भइसकेका



छन् भने २८ वटा आयोजनाको म्याद पटक-पटक थपिएको छ। तीमध्ये पाँच वटा ठेक्का प्रदेश स्थापना हुनुअघि संघीय सरकारले लगाएका हुन्, जसलाई हाल प्रदेश सरकारले संघीय सशर्त अनुदानबाट सञ्चालन गरिरहेको छ । समयमै आयोजना सम्पन्न नहुँदा प्रदेश सरकारमाथि आर्थिक दायित्व थपिँदै गएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार आगामी आर्थिक वर्षमा बहुवर्षीय ठेक्काको दायित्व २ अर्ब ३ करोड रुपैयाँ नाघेको छ।

चालु आर्थिक वर्षमा बहुवर्षीय आयोजनाका लागि १ अर्ब ४५ लाख रुपैयाँ मात्र विनियोजन गरिएको छ।

मन्त्रालयका अनुसार बहुवर्षीय ठेक्काअन्तर्गत हालसम्म ११ अर्ब ३३ करोड रुपैयाँ खर्च भइसकेको छ। पुराना ठेक्का समयमा सम्पन्न नहुँदा नयाँ आयोजना अघि बढाउन नसक्ने अवस्था आएको र मन्त्रालयको ठूलो बजेट पुरानै ठेक्काको भुक्तानीमा खर्चिनु परेको जनाइएको छ।

१०औं...

"क्यालेन्डर अनुसार अघि बढ्ने हो भने खेल हुन सक्छ," उनले भने।

किन दोहोरिन्छ स्थगन ?

१०औं राष्ट्रिय खेलकुद पहिलोपटक २०८१ मंसिरमा कर्णाली प्रदेशमा गर्ने घोषणा गरिएको थियो । पूर्वाधार अभाव भन्दै चैतमा सारियो। आर्थिक समस्या देखाउँदै फेरि जेठमा पनि हुन सकेन। चौथोपटक तोकिएको मितिमा समेत खेल भएन । राजनीतिकहस्तक्षेप र आन्तरिक टकराव पनि कारण रहेको संकेत खेलकुद क्षेत्रका अधिकारीहरू गर्छन् । फरक राजनीतिक धारबाट नियुक्त पदाधिकारीबीच समन्वय अभाव हुँदा निर्णय कार्यान्वयनमा असर परेको देखिन्छ।

'कुर्दाकुर्दा उमेर जाला जस्तो छ'

नवौं राष्ट्रिय खेलकुदमा तीन स्वर्ण जितेका टेनिस खेलाडी प्रदीप खड्का पनि १० औं खेलकुदको तयारीमा थिए। तर खेल स्थगित भएपछि उनी दोधारमा छन्।

"बाहिर बसेर ट्रेनिङ गर्ने, तर खेल भएन। कहिले हुन्छ थाहा छैन। कुर्दाकुर्दा उमेर जाला जस्तो छ," उनले भने।

अब कहिले ?

१०औं राष्ट्रिय खेलकुदका लागि लोगो, मस्कट, सचिवालय उद्घाटन, मूल आयोजक समिति र उपसमिति गठन भइसकेका छन्। ७ वटा बोर्ड बैठक बसिसकेका छन्। १२३औं बैठकले फागुन १-७ सम्म गर्ने निर्णय गरे पनि कार्यान्वयन भएन। सदस्य सचिव मेहता भन्छन्, "मलाई असारसम्मको समय दिइयो भने खेल गराउन सक्छु।" तर स्पष्ट मिति र ठोस तयारीबिना खेलाडी र प्रदेशहरू अझै अन्योलमै छन्। राष्ट्रिय खेलकुद हुने कि फेरि सर्ने ? अहिले सबैको प्रश्न यही हो।

लागुऔषधमा...

स्वरूप एक राउण्ड हवाई फायर गर्नुपरेको हो । चन्दलाई मंगलबार मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको बुद्धथापाले बताए। यस्तै सोमबार राति ९ बजेतिर ८ ग्राम ६ मिलिग्राम लागुऔषधसहित अन्य दुई महिलालाई पनि प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा वीरेन्द्रनगर नगरपालिका-४ की २० वर्षीया माया नेपाली र २८ वर्षकी संगीता विक रहेका छन् । उनीहरूलाई वीरेन्द्रनगर नगरपालिका-११ बाट नियन्त्रणमा लिइएको डीएसपी बुद्धथापाले जानकारी दिए।

पुराना...

समानुपातिकतर्फ पाएको भोटमा टेकेर रास्वपाले यस क्षेत्रमा जित निकाल्न सकिने एक मात्र क्षेत्र मानेको छ । यसको पुष्टि रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) चुनावी अभियानका क्रममा कर्णाली आउँदा नै भइसकेको छ।

काठमाडौं महानगरपालिकाका निवर्तमान मेयरसमेत रहेका शाह कर्णाली आउँदा तय भएका अधिकांश समर्थक तथा उम्मेदवार भेटघाट कार्यक्रम रद्द हुनुले रास्वपा कर्णालीबाट अपेक्षित नतिजा आउनेमा ढुक्क छैन । रास्वपाले सुर्खेत-२ बाट रमेशकुमार सापकोटालाई उम्मेदवार बनाएको छ । तर, सापकोटालाई सहज चुनावी नतिजा निकाल्न भने नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाले दिने छैनन्। अघिल्ला निर्वाचनको मतपरिणामअनुसार सुर्खेतमा मुख्य प्रतिस्पर्धी कांग्रेस-एमाले नै हुन् । सापकोटा पनि पूर्वकांग्रेस पृष्ठभूमिका नेता हुन्। उनी रास्वपा प्रवेश गर्नुअघि वीरेन्द्रनगर नगर समितिका सचिव थिए । सापकोटाका सामु उनकै पूर्वसहकर्मी कांग्रेसका युवा नेता नारायण कोइराला चुनौती बनेका छन्।

कांग्रेस पृष्ठभूमि भएका सापकोटालाई कांग्रेसको भोट काट्न सहज हुने आकलन गरिएको छ। कांग्रेसका भोट काटेर मात्र सापकोटाको संसद यात्रा सम्भव छैन।

सापकोटाका लागि नेकपा पनि चुनौती बनेर उभिएको छ । सापकोटाले कांग्रेस-एमालेका कम्तीमा १०/१० हजार भोट काट्न सके उनको संसद यात्रा निश्चित बन्नेछ । यसपटकको निर्वाचनमा आकलन गरेभन्दा फरक मतपरिणाम आउने निश्चित छ । यसो हुँदा मुख्य प्रतिस्पर्धी कांग्रेस-एमाले हार्ने र हार्ने भनिएका रास्वपा वा नेकपाले बाजी मार्ने सम्भावना रहन सक्ने पनि विश्लेषण छ।

यस्तै, सुर्खेत-१ मा रास्वपाले सोचेअनुसार मतपरिणाम आफ्नो पक्षमा पार्न सक्ने अवस्था नरहेको बताइन्छ। यस क्षेत्रबाट रास्वपाले टेकबहादुर सिंहलाई टिकट दिएको छ । उनी पनि पूर्वकांग्रेस पृष्ठभूमिका नेता हुन् । सुर्खेत-१ का मुख्य प्रतिस्पर्धी पनि कांग्रेस र एमाले नै रहँदा रास्वपालाई जित निकाल्न सहज छैन। दुई निर्वाचन क्षेत्र रहेको दैलेखमा रास्वपाको माहौल खासै बनेको देखिदैन।

दैलेख-१ बाट उम्मेदवार बनेका रास्वपाका नन्दकिशोर बस्नेत हालै एमालेबाट आएका नेता हुन् । आगामी निर्वाचनमा एमालेबाट टिकट नपाउने देखेपछि बस्नेत रास्वपामा लागेका थिए।

रास्वपामा प्रवेश गरे पनि एमालेका कार्यकर्तालाई पार्टीमा भित्र्याउन नसक्दा बस्नेतको चुनाव जित्ने माहौल तयार भइसकेको छैन । दैलेख-२ मा माओवादी पृष्ठभूमिका बखतबहादुर शाही रास्वपाका उम्मेदवार छन्।

लामो समय सरकारी सेवामा काम गरेका शाहीको पनि चुनावी माहौल बनेको देखिँदैन । जुम्लाबाट विघटित प्रतिनिधिसभा सदस्य रहेकी विनिता कठायतलाई पनि चुनावी नतिजा निकाल्न सहज छैन । कांग्रेस, एमाले, नेकपासँगै कठायतका अघि राप्रपाका निवर्तमान सांसद ज्ञानबहादुर शाही मुख्य चुनौती बनेर उभिएका छन्।

कर्णालीका अन्य जिल्लामा रास्वपाका कमजोर उम्मेदवार र सांगठनिक मतका कारण ठूला दलसँगको प्रतिस्पर्धा सहज हुने देखिँदैन।

रास्वपाका कर्णाली प्रदेश सभापति मदन खड्काले अधिकतम सिट जित्ने गरी पार्टी लागेको दाबी गरे। उनले हालसम्म डोल्पाबाहेक अन्य जिल्लामा पार्टीप्रतिको आकर्षण बढेकाले नतिजा राम्रो निस्कने ठोकुवा गरे । तर, रास्वपाप्रतिको माहौल मतपेटिकासम्म पुग्छ वा पुग्दैन भन्ने विषयमा भने उनी चिन्तित छन्।

सरोकारवालाहरुले कार्यान्वयनमा सहयोग गर्नुपर्ने बालबालीकाका निम्न अधिकारहरु

- बाँच्न पाउने अधिकार
- नाम, राष्ट्रियता र पहिचानको अधिकार
- भेदभाव विरुद्धको अधिकार
- संरक्षणको अधिकार
- सहभागिताको अधिकार
- अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार
- संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार
- गोपनियताको अधिकार
- अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार
- पोषण तथा स्वास्थ्यको अधिकार
- खेलकुद मनोरञ्जन तथा सांस्कृतिक अधिकार
- शिक्षाको अधिकार

"बालबालिकाको अधकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने, सरोकारवालाहरुले आ-आफ्नो क्षेत्रबाट प्रभावकारी भूमिका निर्वाह गर्नु सबैको दायित्व हो "

जेष्ठ नागरिकको संरक्षण, र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, शिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्नु सबै सरोकारवालहरुको दायित्व हो।

उमेरजन्य विभेदको अन्त्य गरौँ जेष्ठ नागरिक विरुद्ध हुने दुर्व्यवहार अन्त्यका लागि तथ्यमा आधारित नीति र कार्यमा जोड दिउँ

शिक्षा विकाश निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

ठाँटिकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने। १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ।

कर्णाली प्रदेश सभाले निर्माण गरेका कानूनबारे जनहितमा जारी सन्देश

- कर्णाली प्रदेश सभाद्वारा हालसम्म पारित भएका ऐनहरु वेवसाईट http://pga.karnali.gov.np मा राखिएको छ। ती वेवसाईटमा राखिएका ऐनहरुलाई अध्ययनगरि कार्यान्वयनमा सहयोग गरौं।
- प्रदेश सभाको नियमित गतिविधि हेर्न 'कर्णाली प्रदेश सभा' यूट्युव च्यानल सव्सक्राईब गरौं।
- कर्णाली प्रदेश सभाबाट पारित भएका कानूनहरुमा सुझाव दिनु परेको खण्डमा इमेल karnalipradesh@gmail.com मा पठाऔं।
- प्रदेश सभाको गतिविधी बारे थप सुधार गर्न आवश्यक सुझाव पठाऔं।
- कर्णाली प्रदेश सभाका चार ओटा समिति, राजनीतिक दलहरुका बारेमा सबै जानकारी वेवसाईटमा छ।

र, कानून कर्णालीको समृद्धिका लागि हो। कर्णालीको विकासका लागि हो। कानूनबारे अनभिज्ञ छू भन्न नमिल्ने हुँदा कानून बारेमा जानकारी लिन प्रदेश सभाको वेवसाईट नियमित रुपमा हेर्ने वानी बसालौं।

थप जानकारीका लागि
कर्णाली प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश, नेपाल
फोन नम्बरः ०८३-५२१५०८, इमेल : karnalipradesh@gmail.com

काँक्रेविहार मिडिया प्रा.लि. द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५, web : kankrebihar.com, Email : kankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस